## लेखापाल (सहायकस्तर प्रथम श्रेणी प्र.) पदमा नियुक्ति हुनु भएका श्री बालिका भट्टराइलाई योग्यताक्रमको सूचीबाट नाम हटाई बैकल्पिक (प्रतिक्षा सुची) का उम्मेदवार रहनु भएका श्री भगवती कटवाललाई स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको अत्यन्त जरूरी सूचना !

सूचना प्रकाशित मिति २०८२।१०।०४ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पदपूर्ति समितिको मिति २०८१।०३।२८ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार पदपूर्ति समितिको मिति २०८२।०५।१५ गतेको सिफारिस अनुसार विज्ञापन नम्बर ११०/०८०-०८१ (महिला) प्रशासन सेवा, लेखा समूह, सहायकस्तर प्रथम श्रेणीको लेखापाल पदमा उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटामा दरबन्दी रही तेह्रथुम बहुप्राविधिक शिक्षालय, तेह्रथुममा कार्यरत रहनु भएका श्री बालिका भट्टराईले मिति २०८२।०८।२५ गतेदेखि लागू हुने गरी परिषद् सेवाको लेखापाल पदबाट दिनु भएको राजिनामा स्वीकृत भई निजले पत्र समेत बुझिसक्नु भएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को बिनियम ३३(३) मा नियुक्तिको लागि सिफारिस भएको मितिले एक वर्षभित्र योग्यताक्रममा परेका उम्मेदवारले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको मृत्यु भई वा निजको अन्य पदमा नियुक्ति भई वा एक वर्षभित्र कुनै कारणले उक्त पद रिक्त हुन आएमा त्यस्तो उम्मेदवारको नाम योग्यताक्रबाट हटाई प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरु मध्ये योग्यताक्रमको आधारमा नियुक्ति दिइनेछ भन्ने व्यवस्था भएको हुँदा उक्त पदमा सिफारिस भएका उम्मेदवार श्री बालिका भट्टराईको नाम योग्यताक्रमको सूचीबाट हटाई उक्त पदमा बैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारको एक मात्र उम्मेदवार रहनु भएकी गणेश बहादुरको नातिनी, भिमबहादुरको छोरी सिद्धिचरण -२, ओखलढुङ्गा स्थायी ठेगाना भएकी रोल नम्बर १०९०११२ का उम्मेदवार श्री भगवती कटवाललाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**